# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोलबजार, सिरहा
## मधेश प्रदेश, नेपाल
## बोलपत्र आह्वानको सूचना।

तेस्रो पटक प्रकाशित मिति २०८०।०५।१३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम आ.व. २०८०।०८१ का लागि स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा निर्धारण भए बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गोलबजार नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आवश्यक कागजात सहित तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही यस नगरपालिकामा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण(घन.मी.) | न्यूनतम बोलपत्र रकम (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | १०/२०८०।०८१ | नदीजन्य पदार्थ उत्खनन् घुर्मी खोला | ५००८०.४८ | ४७,६०,५५५।- | ३,०००।- |

**शर्तहरुः**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले माथि उल्लेखित भए अनुसारको बोलपत्र दस्तुर ग्लोबल आई एम ई बैंक शाखा कार्यालय गोलबजारमा यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ५५०४०१००००००१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ।

२. प्रस्ताव पेश गर्न ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले मिति २०८०-०५-१७ गते अपराह्न ५:०० बजे सम्ममा बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. बोलपत्र दाखिला गर्ने अन्तिम मिति (२०८०-०५-१८ गते) का दिन दिनको १२:०० बजेसम्म सिलबन्दी बोलपत्र दर्ता गरिसक्नु पर्नेछ। रितपूर्वक दर्ता भएका सिलबन्दी बोलपत्र सोही दिन अपरान्ह १४:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो समयमा बोलपत्र वा निजहरुको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. माथि उल्लेखित भए अनुसार पेश भई अधिकतम अंक कबोल भएको बोलपत्र स्वीकृत भएपश्चात् सम्झौता गर्नु अगावै सम्बन्धित बोलपत्रदाताले कबोल गरेको अंकमा नियमानुसार लाग्ने मू.अ. कर सहितको रकम नेपाल सरकारलाई बुझाएको सक्कल भौचर यस कार्यालयमा जम्मा गर्नु पर्नेछ।

५. बोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोहि व्यक्ति, फर्म वा कम्पनी मार्फत पेश गर्नुपर्नेछ।

६. बोलपत्र फाराममा उल्लेखित कबोल अंकको ५% धरौटी रकम यस कार्यालयको ग्लोबल आई एम ई बैंक गोलबजार स्थित खाता नं. ५५०४०१००००००१६ को धरौटी खातामा नगदै जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

७. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट गरेको वा टिपेक्स लगाएमा बोलपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ।

८. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनुपर्नेछ। मानसिव कारण बाहेक सो अवधिभित्र सम्झौता गरी ठेक्का सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

९. ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाएमा स्वीकृत अंकमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ। बराबर अंक कबोल भई किस्ताबन्दी र एकमुष्ठ रकम बुझाउने ठेक्काको सम्बन्धमा निर्णय गर्नुपरेको अवस्थामा एकमुष्ट रकम बुझाउनेलाई

प्राथमिकता दिने गरी गोलबजार नगरपालिकाले निर्णय गर्नेछ । छुट रकम लिने प्रयोजनका लागि नगरपालिकाले सम्झौता गर्नुअघि कबोल गरेको एकमुष्ट रकम र सो मा लाग्ने मु.अ.कर बुझाएको हुनुपर्नेछ ।

१०. किस्ताबन्दी रुपमा रकम बुझाउनेको हकमा ठेकेदारले आफूले कबोल गरेको कुल रकम मु. अ. कर सहित दुई किस्तामा रकम बुझाउनु पर्नेछ । पहिलो किस्ता रकम (५० प्रतिशत) सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ । देस्रो किस्ता रकम फागुणमसान्तसम्म बुझाइ सक्नु पर्नेछ । यसरी किस्तावन्दीमा रकम बुझाउँदा ठेकेदारले ठेक्का कबोल गरेको अंक बराबरको जमानत वापत् नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट २०८१ श्रावण मसान्तसम्म अवधि भएको बैंक ग्यारेण्टी पत्र सम्झौता पूर्व पेश गर्नु पर्नेछ । किस्ताबन्दीमा बुझाउँदा समेत प्रत्येक किस्ता वापतको मूल्य अभिवृद्धि कर समेत बुझाउनु पर्नेछ ।

११. ठेक्का सञ्चालनको शिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।

१२. गोलबजार नगरपालिकालाई रकम बुझाउनुपर्ने बाँकी बक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म यस बोलपत्र प्रक्रियामा सहभागी गराइने छैन र निजले बोलपत्र पेश गरेमा स्वीकृत गरिनेछैन ।

१३. ठेक्का सञ्चालन अवधि सम्झौता भएको मितिदेखि २०८१ जेठ मसान्त सम्मको हुनेछ । निर्धारित परिमाण बराबरको नदीजन्य पदार्थ उत्खनन् भईसकेमा अवधि भन्दा अगावै उत्खनन् र संकलन बन्द गरिनेछ ।

१४. खोलाबाट निकालिएको नदीजन्य सामग्री बिक्री मूल्य करको ठेक्का सञ्चालन गर्दा कुनै बाधा अवरोध आइपरेमा ठेकेदार स्वंयम आफैँले मिलाई कर संकलन गर्नुपर्नेछ । यसमा नगरपालिकाले आवश्यक सहजीकरण गर्नेछ ।

१५. कुनै कारणबस कर सङ्कलन गर्न बाधा परेको कारण देखाइ ठेकादारले कुनैपनि छुट वा मिनाहा दावी गर्न पाउने छैन र त्यस्तो मिनाहा छुट दिन कार्यालय बाध्य हुने छैन ।

१६. नदीजन्य सामग्रीहरु निकाल्दा विभिन्न खोलाहरुमा स्वीकृत प्रारम्भिक वातावरणणीय परिक्षण प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सीमित रही निकाल्नु पर्नेछ ।

१७. नदीजन्य सामग्री उत्खनन् गर्ने समय बिहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ ।

१८. नदीजन्य सामग्रीको उत्खनन्को लागि अनुमति लिई मात्र हेभि मेसिनरी उपकरण प्रयोग गर्न पाउने छ ।

१९. ठेकेदारले नदीजन्य सामग्री स्टक राख्नुपर्ने भएमा गोलबजार नगरपालिकाबाट इजाजत लिइ खोलाको किनारबाट कम्तिमा ६०० मिटरको दूरीमा राख्न सकिनेछ ।

२०. ठेक्का स्वीकृत गर्ने /नगर्ने सम्पूर्ण अधिकार गोलबजार नगरपालिकालाई रहनेछ ।

२१. सर्त राखि पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका बोलपत्रमाथि कारबाही हुनेछैन ।

२२. अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कारबाही गरिनेछ ।

२३. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिणामका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून तथा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट जारी गरिएको वातावणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग हुनेछ ।

२४. ठेक्का सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल